# आर्थिक वर्ष २०७७/७८ को

# बजेट वक्तव्य

थाक्रे गाँउपालिका

धादिङ जिल्ला

वागमती प्रदेश, नेपाल

२०७७

**आदरणीय सभाअध्यक्ष महोदय,**

१) यस गरिमामय सातौं गाँउसभामा स्थानीय सरकारको रुपमा विद्यमान विषम परिस्थिति बीच आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न उभिएको छु । यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु तथा निरंकुषताको विरुद्ध जीवन पर्यन्त सँघर्ष गर्नुहुने दिवङ्गत नेताहरु प्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) का कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामना गर्नु परेको छ । यस माहामारीका कारण ज्यान गुमाउनु हुने सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस महामारीबाट आक्रान्त भइ उपचाररत रहनुहुने सम्पूर्ण विश्व जगतमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस महामारीको रोकथाम तथा नियन्त्रणका लागि अहोरात्र खट्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, चिकित्सक, स्वास्थ्यकर्मी एवं सुरक्षाकर्मी लगायत सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस विषम परिस्थितिमास्वास्थ्य संकटबाट उत्पादन, व्यापार तथा लगानी सम्मको श्रृँखला प्रभावित भई विश्व अर्थतन्त्रमा संकुचन आउने स्पष्ट संकेत देखिएको छ । विश्व अर्थतन्त्रसंगको अन्तर आवद्धताको कारण नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा समेत गम्भीर प्रभाव पर्न थालेको छ । यस परिस्थितिबाट यस गाँउपालिका समेत नराम्रो संग प्रभावित हुन पुगेको सर्वविदितै छ ।

३) मैले वर्तमान स्थानीय सरकारको रुपमा चौथो वर्षको वजेट प्रस्तुत गरिरहदा कोरोनाबाट नागरीकको जीवन रक्षा गर्ने जिम्मेवारीवोध गरेको छु । विगत तीन वर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर दिगोविकास र समृद्धिको यात्रालाई तीव्रता दिने मार्गमा कोरोना महामारीका कारण धक्का लागेको छ । शताव्दीकै यस विषम परिस्थितिमा सवै राजनीतिक दल, स्थानीय जनप्रतिनिधि, राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु, संघ संस्था, सहकारी, शिक्षक तथा वुद्धिजीवी, युवाहरु, स्वास्थ्य कर्मी चिकित्सक, सुरक्षाकर्मी रेडक्रस, नेपाल स्काउट लगायतका स्वयंसेवकीय संस्थाहरु,उद्योगी, व्यापारी एवं नागरिक समाज तथा समुहहरु र आम नागरीकको सहयोग र ऐक्यद्धता प्रति उच्च सम्मान गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको निरन्तर सहयोगवाट वर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास लिएको छु ।

४) आगामी आर्थिक वर्षको वजेट तर्जूमा गर्दा विषम परिस्थितिले सिर्जना गरेकोका चुनौतीहरुलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्छ भन्नेमा म सजग छु । यस अवस्थामा थाक्रे वासीको जीवन रक्षा गर्ने, मानविय डर, त्रास र भयमुक्त गराउदै भविष्य प्रति आधार युक्त आशा जगाउने,जन जीविकाको पुनरुत्थान गर्नउद्यमशिलताको विकास, कृषिको आधुनिकिकरण, व्यवसायीकरण र यन्त्रीकरण, गुणस्तरिय र व्यवसायिक शिक्षा, स्वच्छ खानेपानी,

सरफाईयुक्त वातावरण, व्यवस्थीत भौतिक पूर्वाधार, लैङ्गिक तथा समावेशीकरणको जगमादिगो विकास लक्ष्य प्राप्ती गर्दैसामाजीक न्याय सहितको स्वस्थ र सुखि जीवन यापनका लागि आवश्यक व्यवस्थापन मिलाउँदै र गाउँपालिकाको समग्र विकासमा तीव्र गती प्रदान गर्नेमार्ग प्रसस्त हुने गरी मैले वजेट तर्जुमा गरेको छु ।

५) दशकौ लामो सँघर्ष र वलिदानबाट प्राप्त राजनीतिक उपलब्धि एवम् स्थिरताले सिर्जना गरेको नेपालीको आशा, भरोसा र आफनै जीवनकालमा समृद्धि देख्न र अनुभुति गर्न पाइन्छ भन्ने आत्मविश्वास नै हाम्रो लागि उर्जा हो । यसैको जगमा विगतमा भुकम्प लगायतका विपद्बाट माथी उठन सकेको तथ्य समेतका आधारमा हामी फेरी उठन सक्छौ र छिट्टै उठछौ भन्ने विश्वासका साथ आगामी आर्थिक वर्षको वजेट तर्जुमा गरेको छु ।

६) बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट स्थानिय तहमा सिर्जित दायित्वहरु लगाएत संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु, दीगो विकासका लक्ष्य, पन्ध्रौ योजना र गाँउपालिकाको नीति तथा कार्यक्रमले तय गरेको उद्धेश्य र लक्ष्यहरुको प्राथमिकतालाई आधार वनाएको छु । वजेट तर्जुमाको सिलसिलामा थाक्रे गाउँपालिकाका आदरणिय अध्यक्ष लगायत कार्यपालिका सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारी परिवार, राजनीतिक दल, राजस्व परामर्श समिति लगायत सम्पूर्ण विषयगत समितिहरु र विकास साझेदार विभिन्न संघ संस्था एवम् विद्धतवर्ग लगायत सवै वर्ग क्षेत्र र तहवाट प्राप्त सुझावलाई समेत ध्यान दिएको छु ।

७) नेपालको संविधान २०७२ अनुसार नेपालमा सङघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमद्धारा, दिगो शान्ति सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पूरा गर्ने सोंच र लक्ष्य अनुरुप “समृद्ध थाक्रे सुखी थाक्रे वासी” को नारा लिई सोहि अनुरुपको दीर्घकालीन परिकल्पना साकार गर्ने महाअभियानमा गाउँपालिकाले आफ्नो क्रियाकलापहरु सञ्चालन गरि रहेको ब्यहोरा विदितै छ । नागरिकको घर दैलोसम्म पुगेर सुरक्षा, विकास र अधिकारको सुनिश्चितताका लागि निरन्तर कार्य गरिरहेका छौ । हामीले छनौट गरेका योजना, परियोजना तथा कार्यक्रमहरुले सम्पूर्ण जातजाती, भाषा धर्म, संस्कृती, उमेर, लिंग, वर्ग तथा क्षेत्रका नागरिकहरुको अपेक्षालाई यथोचित सम्बोधन गर्ने विश्वास लिएको छु ।

८) सङघीय राजधानी काठमाण्डौबाट २९ किलोमिटरको दुरीमा रहेको यस गाउँपालिका भित्रको मुख्य आयश्रोतको रुपमा रहेको उद्योग, खनिज, पर्यटन, कृषि, पशु पन्छी तथा मत्स्य पालन र व्यापारको प्रचुर सम्भावना बोकेको यस पालिकामा श्रोत र साधनको सुव्यवस्थित उपयोग र प्रभावकारी

सेवाले गाँउपालिका वासीको समृद्धीमा  सकारात्मक परिवर्तन ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो गाउँ सभा सफल रहने विश्वास लिएको छु ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

## अब म चालु आर्थिक वर्षको समीक्षालाई सारसंक्षेपमा प्रस्तुत गर्दछु ।

९.स्थानीय तहको निर्वाचन भई सरकार गठन पश्चात सेवा प्रवाहमा प्रभावकारिताबृद्धि भएको छ। जनप्रतिनिधि र कर्मचारीहरुको सामुहिक प्रयासले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण विपद् व्यवस्थापन एवं सुशासनप्रवर्द्धन र क्षमता विकासतर्फ महत्वपूर्ण कार्यक्रमको शुरुवात गरिएको छ । यसबैाट प्रारम्भिक नतिजाहरु उत्साहप्रद्ध देखिएका छन् ।

चालु आ.व. का लागि विनियोजन भई सञ्चालनमा रहेका योजना बाटहाल सम्म भौतिक प्रगति तर्फ ३१.३ कि.मि. सडक स्तरोन्नती भएको, १३.९ कि.मि. ग्राभेलिङ भएको, नँया ट्रयाक निर्माण तर्फ ९.३ कि.मि. निर्माण सम्पन्न भएको छ ।यसै गरी खानेपानी आयोजना तर्फ २७ किलोमिटर पाइपलाइन सहित ३३ वटा र  १५ वटा सामुदायिक भवनयोजनाहरु सम्पन्न भएका छन्।

चालु खर्च तर्फ ५ करोड ४६ लाख ५८ हजार ४ सय २० रुपैया ३६ पैसा (४४.८८%), सामाजिक सुरक्षा खर्च ९ करोड ६ लाख ७० हजार २ सय (१००%), संघीय हस्तान्तरित कार्यक्रम तर्फ १२ करोड ४० लाख १० हजार ६ सय ३२ रुपैया २० पैसा (७५.२५%), प्रदेश सरकारको शसर्त खर्च ९ लाख ६० हजार (५७%), पुजिगत तर्फ ११ करोड ८७लाख २०हजार ४सय ८१रुपैया (२५.६५%) खर्च भएको छ  । हाल योजना तथा कार्यक्रमहरु सञ्चालनमा रहेकोले सम्पूर्ण नतिजा चालु आ.व.को अन्त्यमा यथार्थ विवरण प्राप्त हुनेछ ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष ०७७/०७८को बजेट निर्माण गर्दा लिइएका प्राथमिकता क्षेत्र एवम् आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु  :

१०)**प्राथमिकताका क्षेत्रहरु**

- कोभिड १९ बाट सिर्जित सङ्कट व्यवस्थापन
- कृषिमा यान्त्रिककरण आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- पूर्वाधार विकास (सुधारिएको सडक)
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार

- गुणस्तर तथा सर्ब सुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम र सहकारीताको विकास
- प्राकृतिक विपद् व्यवस्थापन पूर्व तयारी राहत वितरण र पूनःर्स्थापन, पूनःनिर्माण
- पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- मानव संसाधन र सामाजिक विकास
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- आन्तरिक रोजगार प्रबर्द्धनमा जोड
- स्वच्छ खानेपानी र सरसफाई व्यवस्थापन
- लैङ्गिक तथा सामाजिक समाबेशीकरण

**११) प्राथमिकताका आधारहरु**

यस आ.व.मा आयोजनाहरुकोप्राथमिकीकरण गर्दा निम्न आधारहरु लिइएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंङ्गिक समानता, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

**आदरणीय सभाध्यक्षमहोदय,**

**१२)**अव म आर्थिक वर्ष ०७७/०७८ को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क) सङ्घीय सरकार (सङ्घ) वाट प्राप्तसमानिकरण अनुदान रु. १६ करोड २२ लाख
ख) प्रदेश सरकार तर्फ वाट प्राप्तसमानिकरण अनुदान रु. १ करोड २ लाख
ग) सङ्घीयसरकार (सघं) वाट प्राप्त शशर्त अनुदान रु. १८ करोड ६ लाख
घ) प्रदेश सरकारवाट प्राप्त शशर्त अनुदान रु. १ करोड ६६ लाख ४६ हजार
ङ) संघीय सरकारबाटराजश्व बाँडफाँडबाट रु. ७ करोड
च) प्रदेश सरकारबाट राजश्व बाँडफाँडबाटरु. १ करोड ६० लाख
छ) विशेष अनुदान रु २ करोड
ज) समपुरक अनुदान रु २ करोड

झ) आन्तरिक राजश्व तर्फ रु. १० करोड

ञ) अल्या रु ७ करोड ७४ लाख ६ हजार ( पुजिगत तर्फको)

ट) अल्या रु १ करोड ५० लाख ( चालु तर्फको)

ट) दायित्व (निरन्तर कार्यक्रम) तर्फ रु १२ करोड ६४ लाख

अब म आगामी आ.व ०७७/०७८ को चालु खर्च पूजिगत खर्च शसर्त तर्फका खर्च एंवक्षेत्रगततथा मुख्य मुख्य कार्यक्रमहरुको अनुमानित खर्च विवरण प्रस्तुत गर्दछु ।

१३) आगामी आ.व ०७७/०७८को गाउँपालिका र ११ वटा वडा कार्यालयहरुको संचालनको लागि चालु खर्च तर्फ रु. ७ करोड ६० लाख, पुँजीगत तर्फ रु ५४ करोड १२ लाख ६ हजार, शसर्त तर्फ रु १९ करोड ७२ लाख ४६ हजार गरी जम्मा रु ८१ करोड ४४ लाख ५२ हजार विनियोजन गरेको छु । क्षेत्रगतरुपमाआर्थिक विकास तर्फ रु. ७ करोड ५३ लाख ३० हजार, सामाजिक विकास तर्फ रु. १३ करोड ६७ लाख २० हजार, पूर्वाधार विकास तर्फ २७ करोड ७ लाख ५० हजार,वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु १ करोड ७९लाख ६ हजारसंस्थागत विकास सेवा प्रवाह र शुसासन तर्फ रु. २ करोड ३५ लाख गरी जम्मा ५२ करोड ४२ लाख ६ हजार बजेटविनियोजन गरेको छु।जसको विस्तृत विवरण अनुसुची १ देखि ५ सम्म समावेश गरिएको छ ।

**आदरणीय सभाध्यक्षमहोदय,**

१) आर्थिक विकास क्षेत्र तर्फ कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय तथा स्थानीय स्तरमा रोजगारी प्रवर्धनका लागि रु ७ करोड ५३ लाख ३० हजार विनियोजन गरेको छु । यसको विस्तृत विवरण अनुसुची १ मा राखिएको छ ।

२) थाक्रे गाउँपालिका भित्र रहेका अति विपन्न परिवारलाई स्वरोजगार एवं आयआर्जनको कार्यक्रम मार्फत गरिवी निवारण गर्ने नीति लिइएको छ । अति विपन्न समुदायको आर्थिक अवस्थामा सुधार गर्न **"विपन्न सँग अध्यक्ष"** कार्यक्रमका लागि आबश्यक रकम विनियोजन गरेको छु । यस मार्फत कम्तीमा विपन्न घर परिवारलाई कार्यक्रममा समावेश गराई निजहरुको जिविकोपार्जनमा सुधार ल्याइनेछ । यसै गरी गाँउपालिकाका उद्योग तथा व्यवसाय क्षेत्रलाई सशक्त बनाउदै स्थानीय रोजगारलाई प्रबर्द्धन गर्न **"उद्यमी सँग उपाध्यक्ष"** कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३) कृषिमा यान्त्रिकरण आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर हुदै निर्यातमा विशेष जोड दिने नीतिलाई कार्यान्वयनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

४) सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकुद तथा मनोरञ्जन, संस्कृति प्रवर्धन र लैगिक समानता सामाजिक समावेशीकरण लगायतका विभिन्न कार्यक्रम

सञ्चालनका लागि१३ करोड ६७ लाख २० हजार विनियोजन गरेको छु। यसको विस्तृत विवरण अनुसुची २ मा राखिएको छ।

५) महिला सशक्तिकरण तथा संस्थागत विकास परियोजनालाई Game Changer Project कोरुपमा विकासगरि महिलाहरुको क्षमता संस्थागत गर्न रु१ करोड वजेट विनियोजन गरेको छु।

६) आगामी आर्थिक वर्ष भित्र थाक्रे गाउँपालिका भित्रका सबै जनतालाई शुद्ध खानेपानीको व्यवस्था मिलाईने छ । यसको लागि आगामी आ.व. मा रु. २ करोड ९३ लाख विनियोजन गरेको छु।

७) शिक्षा क्षेत्रको विकास एवं सुदृढिकरण र गुणस्तर सुधारका लागि रु ३ करोड ४० लाख विनियोजन गरेको छु। त्यस्तै स्वास्थ्य क्षेत्रको विभिन्न कार्यक्रम सञ्चालनर गाँउपालिका स्तरीय अस्पताल जग्गा खरिद समेतको लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु। जसबाट विद्यालयहरु भौतिक रुपमा सबैल, शैक्षिक रुपमा अव्वल र सुरक्षित वातावरणमा सिकाईका कार्यक्रमहरु सञ्चालनहुने विश्बासी लिइएको छ।

८) जेष्ठ नागरिक, अपाङ्ग, महिला तथा वालवालिकाहरु मनोसामाजिक परामर्शकर्ता एवम् महिला सशक्तिकरण कार्यक्रमका लागि रु १ करोड विनियोजन गरेको छु। साथै किशोर किशोरी खाता सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९) पुर्वाधार विकास सडक तथा पुल, सिचाई, भवन, उर्जा र सञ्चार क्षेत्रका लागि रु २७ करोड ७ लाख ५० हजार विनियोजन गरेको छु। यसको विस्तृत विवरण अनुसुची ३ मा उल्लेख गरिएको छ

१०) आगामी आर्थिक वर्ष भित्र गाँउपालिकाको भवन निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य सहित सो कार्यका लागि रु ५ करोड विनियोजन गरेको छु।

११) वन वातावरण तथा विपद् व्यवस्थापन अन्तरगत वन तथा भु संरक्षण, जलवायु परिपर्वतन, वातावरण संरक्षण, फोहर मैला तथा ढल ब्यवस्थापन र विपद् ब्यवस्थापन क्षेत्र समेतका लागि रु १ करोड ७९ लाख ६ हजारविनियोजन गरेको छु । यसको विस्तृत विवरण अनुसुची ४ मा राखिएको छ।

१२) कोभिड १९ को सम्भावित जोखिम न्युनिकरण तथा विपद् व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३) यसै गरी थाक्रे गाँउपालिकामा वर्षेनि चटयाङबाट मानवीय क्षति भएको अवस्था छ। त्यस किसिमको जन धनको क्षति न्युनिकरण गर्न साविक भुमेस्थान गाविसमा चटयाङ प्रतिरोधी टावर निर्माणका लागि रु ७५ लाख विनियोजन गरेको छु।

१४) गाँउपालिकाबाट प्रवाह भइरहेको सेवालाई थप व्यवस्थित, पारदर्शी, उत्तरदायि र गुणस्तरीय वनाउदै लैजानका लागि सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ रु २ करोड ३५ लाख विनियोजन गरेको छु।यसको विस्तृत विवरण अनुसुची ५ मा उल्लेख गरिएको छ।

१५) सुशासन प्रवर्द्धन गर्न वडा स्तरमा संचालनहुने कार्यक्रमहरुको पारदर्शिताका लागि आवश्यक व्यवस्था मिलाइने छ। सबै कार्यक्रमहरुको अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,

लैंगिक तथा सामाजिक समावेशीकरण परिक्षण, संस्थागत स्वमुल्यांकनको कार्य योजना कार्यान्वयन जस्ता कार्यलाई प्रभावकारी बनाईनेछ । नीति, योजनातथा कार्यक्रम र बजेट तयारीको क्रममा अहोरात्र खटिने कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप चालू आ.व. मा एक महिनाको खाइपाइ आएको तलब बराबरको रकम र यस कार्यमा सहयोग पुरयाउनुहुने अन्य कर्मचारीलाई आधा महिनाको तलब बराबरको सुविधा प्रदान गर्ने व्यवस्था मिलाएको छु । कर्मचारीहरुको मनोबल उच्च राखी सदाचार, ईमान्दार, लगनशील बनाई समृद्ध थाक्रे बनाउने अभियान सफल पार्न आगामी आ.व. मा कर्मचारीहरुलाई थप प्रोत्साहित गर्ने व्यवस्था बजेटमा मिलाएको छु ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

**१४)**बजेट तर्जुमाको क्रममा निर्देशन गर्नु हुने गाउँपालिकाका श्रद्धेय अध्यक्षज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी राय सल्लाह सुझाब दिने यस क्षेत्रका माननीय सांसदहरु, जि.स.स. का प्रमुख तथा जिसस सदस्यहरु, सबै राजनैतिक दलका स्थानीय प्रमुखहरु, सरकारी, गैर सरकारी संस्थाका प्रमुखहरु तथा जनप्रतिनिधिहरु, व्यवसायी, शिक्षक, कर्मचारी, संचारकर्मी सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यस बजेट कार्यान्वयनमा सम्बद्ध सबैको रचानात्मक सहयोग रहने आशा र विश्बास व्यक्त गर्दछु

धन्यवाद

**<u>प्रस्तुत कर्ता</u>**

अम्बिका रुपाखेती पौडेल
उपाध्यक्ष
थाक्रे गाउँपालिका